# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना प्रतिवेदन
## काँडेवास गाविस

बाग्लुङ्ग जिल्ला




तयार गर्ने :
गाउँ विकास समितिको कार्यालय, काँडेवास
अद्यावधिक गरिएको मिति : २०७२/०८/१५

# गाउँ विकास समिति स्तरीय
# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना
# अद्यावधिक प्रतिवेदन
# काँडेवास
## २०७१

<u>विषय सूची</u> पृष्ठ नं.


**यस भित्र प्रयोग गरिएका संक्षिप्त रुपहरु** ३

१. परिचय ४

१.१ पृष्ठभूमि ४

१.२ उद्देश्य ५

१.३ विधि ५

१.४ सिमितता ६

२. गाउं विकास समितिको संक्षिप्त जानकारी ६

२.१ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन ६

२.२ जनसंख्या, घरधुरी र जातजाती ८

३. खानेपानीको अवस्था ८

३.१ गाविसको खानेपानीको तुलनात्मक अवस्था ८

३.२ खानेपानीको विद्यमान अवस्था ८

४. स्वास्थ्य र सरसफाइको तुलनात्मक अवस्था ९

५. गाविसको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयन तथा संशोधित कार्य योजना ९

६. पूर्ण सरसफाइ युक्त गाविस र वडाहरुको कार्य योजना १०

७. जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण ११

अनुसूचीहरु ११

अनुसूची-१: प्रत्येक वडाको जनसंख्याको विवरण ११

अनुसूची-२: घरधुरी तथा जातीय समुदाय सम्बन्धी अध्यावधिक तथ्यांक ११

अनुसूची-३: खानेपानीको विद्यमान अवस्था १४

अनुसूची-४: खानेपानीको सुविधास्तर निर्धारण १७

अनुसूची-५: आ.व. २०७०/०७१ सम्म सम्पन्न भएका ९ योजनाहरु र प्रयोगमा रहेका श्रोतहरु एवम् उक्त योजनाहरुको हालको अवस्था १९

अनुसूची-६: निर्माणाधिन खानेपानी योजनाहरुको विवरण २१

अनुसूची-७: गाविसका टोलहरुमा घरेलु चर्पीको हालको अवस्था २१

अनुसूची-८: विद्यालय तथा संस्थागत शौचालयको वर्तमान अवस्था २४

अनुसूची-९: पूर्ण सरसफाइका सूचकहरुको अवस्था २५

अनुसूची-१०: गाविस स्तरिय तर्जुमा गरिएका खानेपानी योजनाहरुको विवरण र लागत २८

अनुसूची-११: गाविस स्तरीय पूर्ण सरसफाइ रणनैतिक योजना २९

# यस भित्र प्रयोग गरिएका सक्षिप्त रुपहरुः

| | |
|---|---|
| आर. भि. टि. | रिजर्भ्वायर टंकी |
| आ. व. | आर्थिक वर्ष |
| उ. मा. वि. | उच्च माध्यमिक विद्यालय |
| किमि | किलोमिटर |
| क्र.सं. | क्रमसंख्या |
| खा. पा. | खानेपानी |
| खा. पा. यो. | खानेपानी योजना |
| गाविस | गाउं विकास समिति |
| जि. आई. | ग्याल्भनाइज्ड आइरन |
| जि. वि. स. | जिल्ला विकास समिति |
| नि. मा. वि. | निम्न माध्यमिक विद्यालय |
| ने. रु. | नेपाली रुपैंया |
| नं. | नम्बर |
| प्रा. वि. | प्राथमिक विद्यालय |
| मा. वि. | माध्यमिक विद्यालय |
| वि. सं. | विक्रम सम्बत |
| स. स. यो. | सरसफाइ योजना |
| सि. सि. | कलेक्सन च्याम्बर |
| VWASH | Village Water, Sanitation and Hyigene |
| VWASHCC | Village Water, Sanitation and Hyigene Coordination Committee |
| WCF | Wardwise Citizen Forum |
| TS | Total Sanitation |

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारको सन् २०१७ सम्ममा सबैलाई खानेपानी र सरसफाइ सुबिधा पुऱ्याउने लक्ष्य हासिल गर्ने दिशामा सहयोग गर्दै स्थानीय निकायहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार र फिनल्याण्ड सरकारका बीच पश्चिमाञ्चल तथा मध्य पश्चिमाञ्चल विकास क्षेत्रका गरी चौध वटा जिल्लाहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालनको लागि द्विपक्षिय सम्झौता भए बमोजिम पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना सन् २००८ देखि २०१३ अवधिको पहिलो चरण सफलतापूर्वक सम्पन्न गरी सन् २०१३ देखि २०१८ सम्मको अवधिको लागि दोस्रो चरण आरम्भ भएको छ ।

यस सन्दर्भमा समुदायले सहभागितात्मक रुपमा तर्जुमा गरेको योजनाले मात्र समुदायका वास्तविक आवश्यकताको पहिचान गर्न सक्दछ र खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गरिने बाह्य सहयोग वास्तविक आवश्यकता भएको वर्गमा पर्दछ जसले स्थानीय सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयन गर्ने क्षमतालाई विकास गरी सन् २०१७ को नेपाल सरकारको लक्ष पुरा गर्न सहयोग गर्दछ भन्ने मान्यतालाई अंगीकार गरी परियोजनाको पहिलो चरणमा विभिन्न ५२ वटा गाविसको गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना र एउटा नगरपालिकाका वडाहरुको वडास्तरीय योजना तर्जुमामा सहयोग गरिएको थियो ।

यस परिप्रेक्ष्यमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजनामा तर्जुमा भएका क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि परियोजनाले पहिलो चरणमा पर्याप्त आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गरायो जसको फलस्वरुप: खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा उक्त गाविसहरुमा आमूल परिवर्तन भएको छ ।

परियोजनाको दोस्रो चरणको परियोजना दस्तावेजले वास्तविक रुपमा सेवाविहीन, जसले हालसम्म खानेपानी कार्यक्रमको लागि कुनै पनि बाह्य सहयोग प्राप्त गरेका छैनन् त्यस्ता क्षेत्रमा मात्र परियोजनाको सहयोग केन्द्रीत गर्ने निर्देश गरे वमोजिम परियोजनाको सहयोग विस्तारको लागि थप दुर्गम तथा सेवाविहीन गाविसहरु छनौट गरी सोहि वमोजिमको योजना तर्जुमा गरी सहयोग गर्ने भन्ने उल्लेख भएको छ । यसका साथै परियोजनाको पहिलो चरण सम्पन्न भएका गाविसहरुबाट क्रमशः परियोजनाको सहयोगको बहिर्गमन गर्दै जानको लागि समेत उक्त गाविसहरुको हालको खानेपानी, सरसफाइ तथा स्वच्छताको वस्तुस्थिति अद्यावधिक गर्नु आवश्यक देखिएको साथै परियोजनाको बहिर्गमन पश्चात समेत गाविसले सेवा पुग्न बांकी रहेका क्षेत्रमा अतिरिक्त स्रोतको खोजी गरी वा आफ्नै स्रोत परिचालन गर्न समेत अद्यावधिक खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको आवश्यकता पर्ने भएकोले समेत पहिलो चरणमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा भएका सबै गाविसहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक गर्नु वाञ्छनीय देखिएकोले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यमा सहजीकरण गर्ने जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय जस अन्तर्गतको जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता इकाइ र गाउं विकास समिति समेतलाई उक्त कार्यको लागि सहयोगी दस्तावेजको रुपमा तयार गरिएको गाउं विकास समिति स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक गर्ने निर्देशिका(VWASH Plan Updating Guidelines) वमोजिम यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ उद्देश्य

गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यको समग्र उद्देश्य गाउं विकास समितिलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा (६५) ले प्रत्येक स्थानीय निकायलाई आफ्नो

सिमाक्षेत्र भित्र सञ्चालन हुने विकास निर्माण कार्य जनमुखी, सहभागितात्मक, प्रभावकारी, सुव्यबस्थित र दीगो प्रतिफल दिने गरी सञ्चालन गर्न आवधिक गाउं विकास योजना तयार गरी सोही योजना अन्तरगतका आयोजनाहरुलाई प्राथमिकताको आधारमा सञ्चालन गर्न निर्देशित गरे वमोजिम अद्यावधिक गाविस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरिएको छ ।

यसका अतिरिक्त यस कार्यका खास उद्देश्यहरु निम्न वमोजिम रहेका छन्:

- गाउं विकास समितिको खानेपानी, सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको विश्लेषण गरी सबैका लागि खानेपानी र सरसफाइ सुबिधा उपलव्ध गराउन अब आवश्यक पर्ने स्रोतको पहिचान गर्नु,
- गाविस क्षेत्रभित्र सेवाविहीन, सेवा प्राप्त र सुविधा स्तरोन्नती गर्नुपर्ने समुदायको पहिचान गरी प्राथमिकिकरण गर्ने र सोहि वमोजिम स्रोतको विनियोजन गर्ने,
- गाविसको पूर्ण सरसफाइको रणनैतिक योजना तर्जुमा गर्ने र सोहि वमोजिम कार्यक्रमहरु तय गर्ने,
- जलवायु परिवर्तनबाट खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा पर्न गएका तथा भविष्यमा पर्न सक्ने असरहरुको वारेमा अध्ययन गरी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापहरु पहिचान तथा तर्जुमा गर्नु,
- पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाको दोस्रो चरणको अवधारणा वमोजिम उक्त गाविसमा परियोजनाको सहयोगको स्तर निर्धारण गरी सोहि वमोजिम कार्ययोजना तयार गर्ने कार्यमा सहयोग गर्नु रहेको छ ।

## १.३ विधि

गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यको लागि निम्न वमोजिमको क्रियाकलाप गरिएको थियो ।

| क्र.सं. | क्रियाकलापको नाम | समयाबधी | कैफियत |
|---|---|---|---|
| १ | सहजकर्ताको तालिम तथा विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको डेस्क अध्ययन कार्य | ७ दिन | जिल्लास्तरमा |
| २ | गाविसस्तरीय अद्यावधिक कार्यशाला | १ दिन | गाविसस्तरमा |
| ३ | वडास्तरीय कार्यको लागि तयारी | ३ दिन | गाविसस्तरमा |
| ४ | वडास्तरीय तथ्यांक अद्यावधिक कार्यशाला | ९ दिन | वडास्तरमा |
| ५ | तथ्यांकको प्रारम्भिक विष्लेशण तथा योजना तर्जुमा पूर्व तयारी | ८ दिन | गाविसस्तरमा |
| ६ | गाविसस्तरीय योजना तर्जुमा कार्यशाला | २ दिन | गाविसस्तरमा |

उपरोक्त क्रियाकलापहरुमध्ये सहजकर्ताको तालिम व्यवस्थापन र प्रतिवेदन लेखन कार्यको संयोजन जिल्ला विकास समितिले गरेको छ भने बांकी क्रियाकलापहरु सहजकर्ताको सहयोगमा गाउं विकास समिति/VWASHCC र वडा नागरिक मञ्चले आयोजना गरेका थिए ।

समग्र अद्यावधिक कार्यको अगुवाई गाविसले गरेको थियो जसको लागि गाविसलाई आवश्यक सहयोग गर्न जिल्ला विकास समितिले एकजना सामाजिक र एकजना प्राविधिक कर्मचारी उपलव्ध गराएको थियो ।

### १.४ सिमितता

यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, जिल्लाको यस क्षेत्रको विकासको निम्ति पूर्णरुपमा सहयोगी रहेपनि यसका आफ्ना केही सीमितताहरु रहनेछन्:

- अपर्झट आउनसक्ने तत्कालिन आवश्यकताहरुको प्राथमिकिकरण
- पर्याप्त बजेट विनियोजनमा न्यूनता
- प्राथमिक तहको तथ्याङ्कको सहज उपलब्धता
- राजनैतिक स्थिरता एवं स्थानीय सरकार तथा सुशासन
- पर्याप्त प्राविधिक तथा प्रशासनिक कर्मचारीको खटनपटन
- दातृ राष्ट्र तथा संघ, संस्थाहरुको सहयोगको सुनिश्चितता  एवं निरन्तरता
- राजनीतिज्ञ तथा योजनाकारहरुको दूरदृष्टि

# २. गाउं विकास समितिको संक्षिप्त जानकारी

## २.१ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन

बागलुङ्ग जिल्लाको दक्षिण पश्चिम भेगमा रहेको काँडेवास गाउँ विकास समितिको पूर्वमा हटिया गाउँ विकास समिति,  पश्चिममा गुल्मी जिल्लाको अर्लाङ्गकोट र दिब्रुङ्ग गाविस, उत्तरमा मल्म गाविस र दक्षिणमा सुखौरा गाविस पर्दछन्  । राजनैतिक विभाजनका हिसाबले यो गाउँ विकास समिति जिल्लाको निर्वाचन क्षेत्र नं. २ को इलाका नं. ७ मा पर्दछ । ५७ वटा बस्तिहरुमा विभाजित यस गाउँ विकास समितिको प्रशासनिक कार्य वडा नं. ३ मा रहेको गाउँ विकास समितिको कार्यालयबाट हुने गरेको छ ।

१५.०२१ वर्ग कि.मि. क्षेत्रफल भएको यो गाविस सदरमुकाम बाग्लुङ्ग बजार देखि दक्षिण पश्चिम तर्फ ५२ कि.मि. को दुरीमा रहेको छ ।काँडेवास बजार समुद्र सतह देखि करीब ९०० मिटरको उचाईमा रहेको छ भने जिल्लाको सबै भन्दा अग्लो निउरेको धुरी (२,५०० मिटर) यसै गाविसमा पर्दछ । जिल्ला सदरमुकामबाट यस गाविसमा जानको लागि मध्य पहाडि लोकमार्गको बाग्लुङ्ग-बुर्तिबाङ्ग सडक खण्डबाट हटिया सम्म जान सकिन्छ । त्यसपछि हटिया-काँडेवास मोटर बाटो हुंदै काँडेवास बजार पुग्न सकिन्छ । काँडेवास बजार देखि बुटवल सम्म यातायात सेवा संचालन भै रहेको छ ।

# बागलुङ्ग जिल्ला




## २.२ जनसंख्या, घरधुरी र जातजाती

यस गा.वि.स.को जातजातीको वसोवासको अवस्थालाई हेर्दा अन्य जाती को बाहुल्यता रहेको पाईन्छ। वाड भेला, घरधुरी सर्वेक्षण अध्ययनबाट आएको तथ्याङ्क अनुसार हाल यस गाविसमा कुल ५४२ घरधुरी रहेका छन। यस गाविसको हालको कूल जनसंख्या ३,६५० मध्ये महिलाको जनसंख्या १,७९१ अर्थात ४९.०७% र पुरुषको १,८५९ अर्थात ५०.९३% रहेको छ। तथ्यांक हेर्दा पुरुषको बाहुल्यता रहेको देखाउंछ। अन्य समुदायको बाहुल्यता रहेको यस गाविसमा अन्य जातजातिको ५१.८५% , आदिवासी जनजातिको २६.५७% र दलितको २१.५९% घरधुरी रहेको छ।  विस्तृत विवरण अनुसूची-१ तथा २ मा दिइएको छ।

यस गाविसमा  २ वटा उ. मा. वि., १ वटा नि.मा.वि र ५ वटा प्राथमिक विद्यालय रहेका छन् भने ४ वटा सेवामूलक कार्यालयहरु उप स्वास्थ्य चौकी १, अतिरिक्त हुलाक सेवा कार्यालय १, पशुसेवा केन्द्र १ र गाविसको कार्यालय १ रहेका छन्। यसका अतिरिक्त ६ वटा बाल विकास केन्द्र, ५ वटा सामुदायिक भवनहरु र एउटा महादेव मन्दिर रहेको छ।

अहिलेको अवस्थामा गाविस भित्र विशेषतः सरसफाइ क्षेत्रमा काम गर्ने, मर्मत संभार कार्यकर्ता .. जना, सुधारिएको चुल्हो निर्माण गर्ने मिस्त्री ४ जना, महिला स्वास्थ्य स्वयम्सेविका १८ जना, चर्पी बनाउने मिस्त्री १५ जना र सरसफाइ सम्बन्धी स्रोत ब्यक्ति २ जना गरी कूल २१ जना रहेको तथ्यांकले देखाउंछ ।

# ३. खानेपानीको अवस्था

## ३.१ गाविसको खानेपानीको तुलनात्मक अवस्था

यस गाविसका जम्मा ५४२ घरधुरी मध्ये खानेपानी सेवा प्राप्त घरधुरी ५२२ अर्थात ९६.३१%, पूर्ण रुपले सेवा प्राप्त घरधुरी १७९ अर्थात ३३.०३%, सुविधा स्तरोन्नति गर्नु पर्ने घरधुरी ३४३ अर्थात ६३.२८% र सेवावाट बञ्चित घरधुरी २० अर्थात ३.६९% रहेको छ । जस मध्ये पाईप धाराबाट पानी खाने ८६.७२%, नसुधारिएको कुवाको खानेपानी प्रयोग गर्ने १.११%, खोला खोल्सीको खानेपानी प्रयोग गर्ने १.८५% र वर्षाद्को पानी प्रयोग गर्ने १०.३३% रहेको छ । यसको विवरण अनुसूची-३ मा दिइएको छ ।

## ३.२ खानेपानीको विद्यमान अवस्था

सुबिधास्तर वर्गिकरण गर्दा ५७ वटा टोल मध्ये ६ वटा (१०.५३%) टोलको अवस्था राम्रो, २४ वटा (४२.१०%) टोलको अवस्था औसत, २१ वटा (३६.८४%) टोलको अवस्था नराम्रो र बांकी ६ वटा (१०.५३%) टोलको अवस्था धेरै नराम्रो रहेको छ । यी टोलहरुलाई प्राथमिकतामा राखी कार्यक्रम बनाउनु पर्ने देखिन्छ । विस्तृत विवरण अनुसूची-४ मा देखाइएको छ ।

आ.व. २०७०/०७१ सम्म सम्पन्न भएका १२ योजनाहरु र प्रयोगमा रहेका श्रोतहरु एवम् उक्त योजनाहरुको हालको अवस्था अनुसूची-५ को तालिकामा देखाइएको छ । जस मध्ये ३ वटा योजनाको भौतिक अवस्था राम्रो, ५ वटाको सन्तोषजनक र ४ वटाको नराम्रो देखिन्छ । १० वटा योजनामा WSP लागु गर्नु पर्ने, पानीको गुणस्तर सुधार र मात्रा थाप गर्नु पर्ने,पाईपलाईन,अन्य संरचना मर्मत गर्नु पर्ने, कमेरी मूल खा.पा.यो. मा इण्टेक मर्मत गर्नु पर्ने देखिन्छ । हाल यस गाविसमा १ वटा ग्राभिटि खा.पा.यो. र २ वटा आकाशेपानी संकलन योजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् । विस्तृत विवरण अनुसूची-६ मा देखाइएको छ ।

# ४. स्वास्थ्य र सरसफाइको तुलनात्मक अवस्था

गाउं स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अध्यावधिक गर्ने सिलसिलामा स्थानीय स्वास्थ्य चौकीसंग लिईएको तथ्यांक अनुसार ५ वर्ष भन्दा मुनीका बच्चाहरुको पोषणको अवस्था सामान्य रहेको देखिन्छ । झाडापखाला सम्बन्धी उपचार गरिएका ५ वर्ष मुनिका बच्चाहरुको कूल संख्या ३४० मध्ये २१७ जनाको उप स्वास्थ्य चौकीबाट उपचार गरिएको, ग्रा. स्वा.का. बाट उपचार गरिएका ८७ र मातृ शिशु कार्यकर्ताबाट ३६ जनाको उपचार गरिएको देखिन्छ । कुपोषण र भिटामिन ए को कमी पाईएको छैन ।

सरसफाइको सूचक भनेर चर्पीलाई लिने गरिन्छ । यस गाविस को कूल ५४२ घरधुरी मध्ये ४८३ अर्थात ८९.११% घरमा पक्की चर्पी रहेको छ त्यस्तै ३९ अर्थात ७.२०% घरमा कच्ची चर्पी रहेको छ भने बांकी २० घरधुरी अर्थात ३.६९% घरमा चर्पी छैन । वडाको स्थिति हेर्दा १,२,६ र ७ नं. वडाका सबै घरमा चर्पी रहेको छ । वडा नं ४ प्रतिशतको हिसाबले सबैभन्दा धेरै १४.२९% चर्पी नभएको वडामा पर्न गएको छ । वडा र टोल अनुसार पुरै गाविसको चर्पीको हालको अवस्था अनुसूची-७ मा देखाईएको छ ।

८ वटा सरकारी विद्यालयहरु, ४ वटा सेवामूलक कार्यालयहरु, ६ वटा बाल विकास केन्द्र, ५ वटा सामुदायिक भवनहरु र एउटा गोकर्णेश्वर महादेव मन्दिर जम्मा २४ वटा विद्यालय/संघ संस्थाहरु रहेको यस गाविसमा ३ वटामा शौचालय छैन, भएका मध्येमा २ वटामा पानीको सुबिधा नभएको र १७ वटा लैंगिक मैत्री नभएको देखिन्छ। विस्तृत विवरण अनुसूची–८ मा देखाईएको छ।

विद्यालयमा शौचालयको ब्यवस्था हेर्दा अधिकांश विद्यालयहरुमा छात्र, छात्रा दुवैको लागि पर्याप्त चर्पी छैनन्। महिनावारी सरसफाइको सुबिधा कुनै पनि विद्यालयमा छैन। चर्पी नजिक साबुन पानीले हात धुने ठाउंको ब्यवस्था बाल विकास प्रा वि काँडेवासमा मात्र रहेको छ। हाल भै रहेको शौचालयहरु कुनै पनि अपाङ्ग मैत्री रहेका छैनन्।

पूर्ण सरसफाइको अवस्था नियाल्दा जम्मा ५४२ घरधुरी मध्ये ५२२ घरधुरीमा चर्पी भएकोमा ५२० घरपरिवारले चर्पीको नियमित प्रयोग गर्ने गरेको तथ्यांकले देखाउंछ। महत्वपूर्ण अवस्थामा साबुन पानीले हात धुने ९५.९४%, घरायसी तहमा पिउनेपानी शुद्धिकरण गरी पिउने ८३.५८%, ब्यक्तिगत सरसफाइ कायम गर्ने ९९.२६%, घर भित्र बाहिरका ठोस फोहोर मैला खाडलमा फाल्ने ३.१४%, खेर गएको पानीको उचित ब्यवस्थापन गर्ने ०.५५%, भाडा सुकाउने चांग भएको ८.८६%, र धुंवा रहित चुल्हो भएको (गोबर ग्यास,अन्य) ६२.९२% घरधुरी रहेका छन्। यो तथ्यांकले वातावरणिय सरसफाइको नाजुक अवस्था देखाएको हुंदा विशेष सचेतना कार्यक्रम लागु गर्नु पर्ने देखिन्छ। विस्तृत विवरण अनुसूची–९ मा देखाईएको छ।

# ५. गाविसको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयन तथा संशोधित कार्य योजना

वडास्तरमा तर्जुमा गरी प्राथमिकता क्रम तोकिएका योजनाहरु ९ मध्ये ६ वटा नयां योजनाहरु, ३ वटा मर्मत योजनाहरु सबै ग्राभिटि प्रणालीका रहेका छन्।

प्रस्तावित योजनाहरुको प्रक्षेपित जनसंख्या र प्रति ब्यक्ति लागतको आधारमा अनुमानित लागत तयार गर्दा यस गाविसको लागि खानेपानीको सेवा पु–याउन मात्र रु २९,२५५,००० खर्च लाग्ने देखिन्छ। त्यस्तै चर्पी नभएका २० घरधुरीमा पक्की चर्पी निर्माणको लागि प्रति चर्पी रु २१,००० का दरले रु ४२०,००० खर्च लाग्ने देखिन्छ। दुवै कार्यको लागि ने. रु. २९,६७५,००० को लागत अनुमान तयार गरिएकोछ। विस्तृत विवरण अनुसूची–१० मा प्रस्तुत गरिएको छ।

# ६. पूर्ण सरसफाइ युक्त गाविस र वडाहरुको कार्य योजना

२०७२ जेष्ठ मसान्त सम्ममा यस कांडेवास गाविसलाई पूर्ण सरसफाइयुक्त गाविस घोषणा गर्ने निर्णय भएको छ।
जस अनुसार वडाहरुको पूर्ण सरसफाइको घोषणा मिति यस प्रकार रहेको छ।

- वडा नं. १: २०७१ पौष मसान्त
- वडा नं. २: २०७१ मंसिर मसान्त
- वडा नं. ३: २०७१ फाल्गुन मसान्त
- वडा नं. ४: २०७१ फाल्गुन मसान्त
- वडा नं. ५: २०७१ माघ मसान्त
- वडा नं. ६: २०७१ मंसिर मसान्त
- वडा नं. ७: २०७१ माघ मसान्त
- वडा नं. ८: २०७१ माघ मसान्त

- वडा नं. ९: २०७१ फाल्गुन मसान्त

खुल्ला दिसामुक्तको दिगोपना र पूर्ण सरसफाइको लागि गाविसले गरेको प्रयासः

- कच्ची चर्पीहरुलाई स्तरोन्नति गरेको
- VWASH-CC लाई पूर्ण सरसफाइ को लागि अभिमुखिकरण गरेको
- वडा नागरिक मञ्च र राजनीतिक दललाई पूर्ण सरसफाइ सम्बन्धी अभिमुखिकरण गरेको
- गाविस लाई सरसफाइमा दिगो राख्नको लागि VWASH-CC र वडा नागरिक मञ्चको बैठक महिनाको एक पटक बस्ने गरेको
- प्रत्येक वडाका टोलहरुमा सरसफाइ टोल सुधार समिति गठन गरी परिचालन गरेको
- VWASH-CC, वडा नागरिक मञ्च रराजनीतिक दल मिलि विभिन्न सरसफाइ सप्ताह मनाएको
- नया घर/ भवन बनाउदा घरको जग संगै चर्पीको जग उठाई चर्पी निर्माण गर्नु पर्ने ब्यवस्था गरेको
- कुनै पनि ब्यक्तिले चर्पी बाहिर दिसा गरेमा जरिवाना तिर्नु पर्ने ब्यवस्था गरेको
- चर्पी निर्माण नगरे सम्म खानेपानी योजनाका नया योजनामा समावेश नगराउने ब्यवस्था गरेको
- खुल्ला दिसामुक्तलाई दिगो बनाउन सचेतना कार्यक्रम गर्ने, होर्डिड. बोर्ड, पोष्टर र पम्पलेटहरु ठाउं ठाउंमा राख्ने गरेको
- यस गाविसमा रहेका वाल क्लव, आमा समुह र महिला स्वास्थ्य स्वयंसेविकाहरुले सरसफाइ सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने गरेको
- पशु -भैंसी रांगो) काट्दा समुदायले तोकेको ठाउंमा मात्र काट्ने गरेको
- पूर्ण खोप र पूर्ण साक्षर गाविस घोषणा भएको
- प्रत्येक घरमा सुधारिएको चुल्हो निर्माण गर्ने निर्णय गरेको
- घर भाडामा लगाउंदा अनिवार्य पक्की चर्पी हुनु पर्ने ब्यवस्था गरेको
- प्लाष्टिक नियन्त्रित क्षेत्र घोषणा गराउने लक्ष लिएकोले प्लाष्टिक तथा फोहोर जन्य चिजहरु जताततै फाल्न नपाईने नियम बनाएको
- पूर्ण सरसफाइ युक्त गाविस विकास गर्न सवारी साधनका यात्रुलाई निश्चित ठाउंमा मात्र दिसा पिसाब र फोहोर फाल्नको लागि सवारी रोकिनु पर्ने
- पूर्ण सरसफाइ युक्त गाविस बनाउन गाविसमा रहेका आमा समूह, बाल क्लव,स्वयंसेविका, वन समूह,शिक्षक शिक्षिका, राजनीतिक दल, वडा नागरिक मञ्च, खानेपानी उपभोक्ता समिति, जनजाती महासंघ, दलित संजाल, अपांग संजाल, शिक्षक अभिभावक संघ, विद्यालय ब्यवस्थापन समिति, विद्यार्थी, VWASH-CC आदि परिचालन गरिएको

आगामी कार्य योजना अनुसूची–११ मा उल्लेख गरिएको छ ।

प्रस्तावित खानेपानी योजनाहरु र बांकी चर्पी निर्माण गर्नको लागि सम्भावित श्रोतहरु :

- उपभोक्ता स्वयं, स्थानीय समुदाय तथा संघ संस्थाहरु
- गाविस
- जि.वि.स.
- खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय
- अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु
- दातृ राष्ट्र तथा निकायहरु

गाविस स्तरीय अन्य योजनाहरु प्रस्तावित गरिएको छैन ।

# ७. जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण

यस गाविसमा विपद जोखिम न्यूनिकरण को लागि निम्न कृयाकलाप संचालन गर्नु पर्ने देखिएको छः

१. मुहान सुक्नेः – प्रत्येक वडामा रहेका पुराना पोखरीहरुको संरक्षण गर्ने ।

– पुनःभरण पोखरी नभएका वडामा आवश्यकता अनुसार पोखरी निर्माण गर्ने ।

– खानेपानीका मुहान वरिपरी अम्रिसो लगायत अन्य जातका विरुवाहरु रोप्ने ।

२. बाढी पहिरो रोकथामः – वृक्षारोपण गर्ने, वन विनास हुन नदिने, भल तर्काउने ।

३. चट्याङ्गः –चट्याङ्गबाट बच्ने तरिकाहरुको बारेमा सचेतना विकास गराउने ।

४ हैजा, झाडा पखालाः – ब्यक्तिगत एवम् वातावरणिय सरसफाइ, स्वस्थ्य खाना र सफा पानी प्रयोग गर्ने बानिको विकास गराउन सचेतना अभियान चलाउने ।

## ७.१ बाग्लुङ्ग जिल्लाको बर्षात तथा तापक्रम

वर्षा र तापक्रमको तथ्यांक जल तथा मौषम बिज्ञान बिभाग अन्तर्गतका मौषम मापन केन्>बाट लिएको हो । यो तथ्यांक उक्त विभागको वेबसाइटको जलबायु पोर्टलमा उपलब्ध छ । बाग्लुङ्ग जिल्लाको हकमा बर्षातको लागि बाग्लुङ्ग र राङ्गखानी गरि दुइवटा केन्द्रको तथ्यांक उपलब्ध रहेके छ भने तापक्रमको तथ्यांक बाग्लुङ्ग केन्द्रको मात्र उपलब्ध रहेको छ ।

### क) वर्षा

चित्र १ मा सन १९७९ देखि २००९ सम्मको वार्षिक औषत वर्षात देखाइएको छ । तल्लो रेखाले बाग्लुङ्ग केन्द्रको बर्षाको अवलोकन तथ्यांकलाइ जनाउछ भने माथिल्लो केन्द्रले राङ्गखानी केन्द्रको अवलोकन तथ्यांकलाइ जनाउाछ । बाग्लुङ्ग केन्द्रको बर्षात अवलोकनको तथ्यांक १९७९ देखि २००९ सम्मको रहेको छ भने राङ्गखानी केन्द्रको १९८९ देखि २००९ सम्मको अवधिको रहेको छ । बाग्लुङ्ग केन्द्रको बार्षिक औसत वर्षा १८०० मिलिमिटर रहेको छ भने राङ्गखानी केन्द्रको औसत वर्षा तुलनात्मक रुपमा अत्याधिक रहेको छ, जुन २९०० मिलिमिटर (सन् २००९ मा) देखिएको छ । दुवै केन्द्रमा वार्षिक वर्षातको परिमाण घट्दै गएको देखिन्छ । विगत तीस बर्षमा बाग्लुङ्ग केन्द्रमा बार्षिक ३०० मिलिमिटरका दरले औसत वार्षिक वर्षातको परिमाण घट्दै गएको (२१०० मिलिमिटर देखि १८०० मिलिमिटर) छ भने, राङ्गखानी केन्द्रमा अवलोकन गरिएको औसत वार्षिक वर्षात को परिमाण विगत बीस बर्षमा ६०० मिलिमिटरले घटेको देखिन्छ (३५०० बाट २९०० मिलिमिटर) । घट्दो बार्षिक औसत वर्षात को प्रवृत्ति र हिउादको समयमा ह्रास हुदै गएको बर्षातको कारणले कालान्तरमा पानीका श्रोतहरुमा ह्रास हुनु तथा पानीको प्रवाह घट्दै जाने र सुख्खा हुदै जाने समस्या देखिन सक्छ ।




*१९७९ देखि २००९ सम्मको बार्षिक औसत वर्षा*

**ख) मासिक औसत बर्षात (१९९४ देखि २००९)**

**ग्राफ २ मा सन् १९९४ देखि २००९, १५ बर्षको मासिक बर्षातको फरक प्रस्तुत गरिएको छ। बाग्लुङ्ग जिल्लाको हकमा बाग्लुङ्ग र राङ्गखानी गरि दुईवटा केन्द्रको औसतलाइ तलको ग्राफमा प्रस्तुत गरिएको छ। उच्च वर्षात गर्मी यामको मनसुनको समय, बैशाख महिना देखि भाद्र महिना सम्म देखिन्छ मनसुनको बेलाको मासिक  सबभन्दा बढी वर्षातको औसत ६०० – १००० मिलिमिटर देखिन्छ।  २००२ को एक महिनामा नै भएको १५०० मिलिमिटर वर्षा नै १५ वर्षको अवधिमा अवलोकन गरिएको अधिकतम वर्षा हो। २००५ को बर्षातको महिनामा पनि ५०० मिलिमिटर बर्षा अवलोकन गरिएको मध्ये न्यूनतम परिमाण हो। २००९, २००८, २००१ र १९९९ मा पनि हिउँदका महिनामा नगण्य मात्र वर्षा भएको देखिन्छ  भने २००७ मा सधैंभन्दा बढी मात्रामा बर्षा भएको देखिन्छ।**




*१९९४ देखि २००९ सम्मको मासिक वर्षातको औसत*

**ख) अधिकतम तापक्रम**

**ग्राफ ३ मा ९८४ मिटर उचाइमा रहेको बाग्लुङ्ग केन्द्रको १९७९ देखि २००९ सम्मको अवधिको बार्षिक अधिकतम तापक्रमको औसत तथ्याक्त प्रस्तुत गरिएको छ। उक्त मापन अवधिभर**

**औसत अधिकतम तापक्रम २५ देखि ३३ डिग्री सेल्सियससम्म रहेको देखिन्छ भने औसत तापक्रम २८ डिग्री सेल्सियस रहेको देखिन्छ । समग्र तीस वर्षको अधिकतम तापक्रमको औसत १ डिग्री सेल्सियसको हाराहारीका दरले बढ्दै गएको देखिन्छ । जल तथा मौसम विज्ञान विभागको वेबसाइटमा न्यूनतम तापक्रमको ग्राफ पनि उपलब्ध छ**




*१९७९ देखि २००९ सम्मको अधिकतम तापक्रमको औसत*

# अनुसूचीहरु

**अनुसूची-१ः प्रत्येक वडाको जनसंख्याको विवरण**

| वडा नं | घरधुरी | जनसंख्या(सन् २०११ को जनगणना अनुसार) | | | घरधुरी | हालको जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरूष | महिला | | जम्मा | पुरूष | महिला |
| १ | ५६ | २५१ | १०४ | १४७ | ५७ | ३५४ | १४९ | २०५ |
| २ | ५५ | २४३ | १११ | १३२ | ५७ | ३८२ | २०४ | १७८ |
| ३ | ६२ | २८७ | १३० | १५७ | ७३ | ५५४ | २९५ | २५९ |
| ४ | २० | ८७ | ४० | ४७ | १४ | ९२ | ४२ | ५० |
| ५ | ७० | ३६० | १६२ | १९८ | ६५ | ४७५ | २३१ | २४४ |
| ६ | ४७ | १९४ | ८८ | १०६ | ४२ | २१५ | ११९ | ९६ |
| ७ | ५७ | २८७ | १४२ | १४५ | ५६ | ४१८ | २१२ | २०६ |
| ८ | ६५ | ३३३ | १५३ | १८० | ६५ | ४३७ | २२८ | २०९ |
| ९ | १०७ | ४९० | २२८ | २६२ | ११३ | ७२३ | ३७९ | ३४४ |
| **जम्मा** | **५३९** | **२५३२** | **११५८** | **१३७४** | **५४२** | **३६५०** | **१८५९** | **१७९१** |
| | | प्रतिशतमा | **४५.७३** | **५४.२७** | | | **५०.९३** | **४९.०७** |
| | **औसत प्रति घरधुरी जनसंख्या** | | | **४.७०** | | | **६.७३** | |

श्रोत : तथ्यांक संकलक

अनुसूची-२ः **घरधुरी तथा जातीय समूदाय सम्बन्धी अद्यावधिक तथ्यांक**

| क. स. | टोलको नाम | दलित | आदिवासी जनजाति | अन्य तराई पिछडा वर्ग | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| **वडा नं १** | | | | | | |
| १ | झांक्रीस्थान | | १ | | ९ | १० |
| २ | दान्सिड. | | | | १७ | १७ |
| ३ | जोजबासे | १ | | | ४ | ५ |
| ४ | कुइनेटा | | | | ५ | ५ |
| ५ | चौतारा | | | | १७ | १७ |
| ६ | घैयाखेत | | | | ३ | ३ |
| | **जम्मा** | **१** | **१** | | **५५** | **५७** |
| **वडा नं २** | | | | | | |
| १ | पुलचोक टोल | | १ | | ९ | १० |
| २ | तल्लो भेडाबारी | | १ | | २ | ३ |
| ३ | उपल्लो भेडाबारी | | | | ३ | ३ |
| ४ | कुना | | | | ३ | ३ |
| ५ | खर्क | | | | २ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | डांडाबारी | | | | २ | २ |
| ७ | अमलारूख | | | | ५ | ५ |
| ८ | वनपाखा | | | | ६ | ६ |
| ९ | नयर | | | | ६ | ६ |
| १० | जोजबासे | | | | ११ | ११ |
| ११ | बाटाघर | | | | ६ | ६ |
| | **जम्मा** | **०** | **२** | | **५५** | **५७** |
| **वडा नं ३** | | | | | | |
| १ | ढांड टोल | | | | ९ | ९ |
| २ | आरूपाटा टोल | ३ | | | ४ | ७ |
| ३ | कुडार | १ | | | ४ | ५ |
| ४ | तलाघर | | | | २ | २ |
| ५ | बराबुट | १ | | | १५ | १६ |
| ६ | चप्लेटी | | | | १४ | १४ |
| ७ | छबिसे | | | | १ | १ |
| ८ | राजबगर | | २ | | ५ | ७ |
| ९ | झरमौरा | | ४ | | ६ | १० |
| १० | गैरी टोल | | | | २ | २ |
| | **जम्मा** | **५** | **६** | | **६२** | **७३** |
| **वडा नं ४** | | | | | | |
| १ | चौतारा | १ | | | | १ |
| २ | कुविन्हे | १ | | | १ | २ |
| ३ | वनपाखा | ४ | | | १ | ५ |
| ४ | डाडाबारी | १ | | | १ | २ |
| ५ | साहुटोल | | | | २ | २ |
| ६ | कुँडार | | | | २ | २ |
| | **जम्मा** | **७** | **०** | | **७** | **१४** |
| **वडा नं ५** | | | | | | |
| १ | देउखर्क | ३ | | | १४ | १७ |
| २ | घोरखन्ने | | | | १६ | १६ |
| ३ | चौबासे टोल | १९ | | | | १९ |
| ४ | नेटा उच्का टोल | १ | ७ | | ५ | १३ |
| | **जम्मा** | **२३** | **७** | | **३५** | **६५** |
| **वडा नं ६** | | | | | | |
| १ | नाईरल टोल | | | | १० | १० |
| २ | भिरबारी टोल | | | | १० | १० |
| ३ | माँझखर्क | ३ | २ | | १७ | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जम्मा** | **३** | **२** | | **३७** | **४२** |
| **वडा नं ७** | | | | | | |
| १ | आलुखाल्टा | १४ | | | | १४ |
| २ | काफल ठूटा | | ५ | | ३ | ८ |
| ३ | लेखरी टोल | २ | १० | | | १२ |
| ४ | थाले पोखरा | ३ | ४ | | | ७ |
| ५ | सुरखारा टोल | ६ | ४ | | | १० |
| ६ | उचकानेटा | | | | ५ | ५ |
| | **जम्मा** | **२५** | **२३** | | **८** | **५६** |
| **वडा नं ८** | | | | | | |
| १ | डड्बिसे | ३ | १ | | | ४ |
| २ | विर्कोट | ४ | ३० | | | ३४ |
| ३ | फूलबारी | २ | | | | २ |
| ४ | फूलबारी | ३ | ९ | | | १२ |
| ५ | बतासे | ४ | ९ | | | १३ |
| | **जम्मा** | **१६** | **४९** | **०** | **०** | **६५** |
| **वडा नं ९** | | | | | | |
| १ | काँडेवास बजार | ८ | २४ | | १४ | ४६ |
| २ | पोखरी | | १३ | | | १३ |
| ३ | पिपलडाँडा | ४ | ७ | | २ | १३ |
| ४ | दर्जी टोल | ११ | | | | ११ |
| ५ | विसौना | १४ | १० | | | २४ |
| ६ | कँडेल टोल | | | | ६ | ६ |
| | **जम्मा** | **३७** | **५४** | **०** | **२२** | **११३** |
| | **कूल जम्मा** | **११७** | **१४४** | **०** | **२८१** | **५४२** |
| | **प्रतिशत** | **२१.५९** | **२६.५७** | **०.००** | **५१.८५** | **१००.००** |

अनुसूची-३: **खानेपानीको विद्यमान अवस्था**

| क. स. | टोलको नाम | खानेपानी सुविधा प्राप्त | सुविधा स्तरोन्नति गर्नु पर्ने | सुविधा नपुगेका | जम्मा घर संख्या | पाइप, धारा | सुधारिएको कुवा | नसुधारिएको कुवा | मूल, पँधेरा | खोला, खोल्सी | वर्षाद्को पानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं १** | | | | | | | | | | | | |
| १ | झांक्री स्थान | १० | १० | | १० | १० | | | | | | १० |
| २ | दान्सिङ. | १७ | १७ | | १७ | १७ | | | | | | १७ |
| ३ | जोजबासे | ५ | ५ | | ५ | ५ | | | | | | ५ |
| ४ | कुइनेटा | ५ | ५ | | ५ | ५ | | | | | | ५ |
| ५ | चौतारा | १७ | १७ | | १७ | १७ | | | | | | १७ |
| ६ | घैयाखेत | ३ | ३ | | ३ | ३ | | | | | | ३ |
| | **जम्मा** | **५७** | **५७** | | **५७** | **५७** | **०** | **०** | | **०** | | **५७** |
| **वडा नं २** | | | | | | | | | | | | |
| १ | पुलचोक टोल | | | १० | १० | | | | | १० | | १० |
| २ | तल्लो भेडाबारी | ३ | ३ | | ३ | ३ | | | | | | ३ |
| ३ | उपल्लो भेडाबारी | ३ | ३ | | ३ | ३ | | | | | | ३ |
| ४ | कुना | | ० | ३ | ३ | | | **३** | | | | ३ |
| ५ | खर्क | २ | २ | | २ | २ | | | | | | २ |
| ६ | डांडाबारी | ५ | ५ | | ५ | ५ | | | | | | ५ |
| ७ | अमलारूख | २ | २ | | २ | २ | | | | | | २ |
| ८ | वनपाखा | ६ | ६ | | ६ | ६ | | | | | | ६ |
| ९ | नयर | ६ | ६ | | ६ | ६ | | | | | | ६ |
| १० | जोजबासे | ११ | ११ | | ११ | ११ | | | | | | ११ |
| ११ | बाटाघर | ६ | ६ | | ६ | ६ | | | | | | ६ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | **४४** | **४४** | **१३** | **५७** | **४४** | | **३** | | **१०** | | **५७** |
| **वडा नं ३** | | | | | | | | | | | | |
| १ | ढांड टोल | ९ | ९ | | ९ | ९ | | | | | | ९ |
| २ | आरूपाटा टोल | ७ | ७ | | ७ | ७ | | | | | | ७ |
| ३ | कुडार | ५ | ५ | | ५ | ५ | | | | | | ५ |
| ४ | तलाघर | २ | २ | | २ | २ | | | | | | २ |
| ५ | बराबुट | १६ | १६ | | १६ | १६ | | | | | | १६ |
| ६ | चप्लेटी | १४ | १४ | | १४ | १४ | | | | | | १४ |
| ७ | छबिसे | १ | १ | | १ | १ | | | | | | १ |
| ८ | राजबगर | ७ | ७ | | ७ | ७ | | | | | | ७ |
| ९ | झरमौरा | १० | १० | | १० | १० | | | | | | १० |
| १० | गैरी टोल | २ | २ | | २ | २ | | | | | | २ |
| | **जम्मा** | **७३** | **७३** | | **७३** | **७३** | | | | | | **७३** |
| **वडा नं ४** | | | | | | | | | | | | |
| १ | चौतारा | १ | १ | | १ | | | १ | | | | १ |
| २ | कुविन्हे | २ | २ | | २ | २ | | | | | | २ |
| ३ | वनपाखा | ५ | ५ | | ५ | ५ | | | | | | ५ |
| ४ | डाडाबारी | २ | २ | | २ | २ | | | | | | २ |
| ५ | साहुटोल | २ | २ | | २ | २ | | | | | | २ |
| ६ | कुडार | २ | २ | | २ | २ | | | | | | २ |
| | **जम्मा** | **१४** | **१४** | **०** | **१४** | **१३** | | **१** | | | | **१४** |
| **वडा नं ५** | | | | | | | | | | | | |
| १ | देउखर्क | १७ | | | १७ | १७ | | | | ० | | १७ |
| २ | घोरखन्ने | १६ | | | १६ | १५ | | १ | | ० | | १६ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | चौबासे टोल | १९ | | | १९ | १९ | | | | ० | | १९ |
| ४ | नेटा उच्का टोल | १३ | | | १३ | १३ | | | | ० | | १३ |
| | **जम्मा** | **६५** | **०** | **०** | **६५** | **६४** | **०** | **१** | | **०** | | **६५** |
| **वडा नं ६** | | | | | | | | | | | | |
| १ | नाईरल टोल | १० | १० | | १० | १० | | | | ० | | १० |
| २ | भिरबारी टोल | १० | १० | | १० | १० | | | | ० | | १० |
| ३ | माझखर्क | २२ | २२ | | २२ | २१ | | १ | | ० | | २२ |
| | **जम्मा** | **४२** | **४२** | **०** | **४२** | **४१** | **०** | **१** | | **०** | | **४२** |
| **वडा नं ७** | | | | | | | | | | | | |
| १ | आलुखाल्टा | १४ | | | १४ | | | | | | १४ | १४ |
| २ | काफल ठूटा | ८ | | | ८ | | | | | | ८ | ८ |
| ३ | लेखरी टोल | १२ | | | १२ | | | | | | १२ | १२ |
| ४ | थालेपोखरा | ७ | | | ७ | | | | | | ७ | ७ |
| ५ | सुरखारा टोल | १० | | | १० | | | | | | १० | १० |
| ६ | उचकानेटा | | | ५ | ५ | | | | | | ५ | ५ |
| | **जम्मा** | **५१** | | **५** | **५६** | | | | | | **५६** | **५६** |
| **वडा नं ८** | | | | | | | | | | | | |
| १ | डड्बिसे | ४ | | | ४ | ४ | | | | | | ४ |
| २ | विर्कोट | ३४ | | | ३४ | ३४ | | | | | | ३४ |
| ३ | फूलबारी | | | २ | २ | २ | | | | | | २ |
| ४ | फूलबारी | १२ | | | १२ | १२ | | | | | | १२ |
| ५ | बतासे | १३ | | | १३ | १३ | | | | | | १३ |
| | **जम्मा** | **६३** | **०** | **२** | **६५** | **६५** | **०** | **०** | **०** | **०** | | **६५** |
| **वडा नं ९** | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | काडेवास बजार | ४६ | ४६ | | ४६ | ४६ | | | | | | ४६ |
| २ | पोखरी | १३ | १३ | | १३ | १३ | | | | | | १३ |
| ३ | पिपलडांडा | १३ | १३ | | १३ | १३ | | | | | | १३ |
| ४ | दर्जी टोल | ११ | ११ | | ११ | ११ | | | | | | ११ |
| ५ | विसौना | २४ | २४ | | २४ | २४ | | | | | | २४ |
| ६ | कडेल टोल | ६ | ६ | | ६ | ६ | | | | | | ६ |
| | **जम्मा** | **११३** | **११३** | **०** | **११३** | **११३** | **०** | **०** | **०** | **०** | | **११३** |
| | **कूल जम्मा** | **५२२** | **३४३** | **२०** | **५४२** | **४७०** | **०** | **६** | **०** | **१०** | **५६** | **५४२** |
| | **प्रतिशत** | **९६.३१** | **६३.२८** | **३.६९** | **१००** | **८६.७२** | | **१.१** | | **१.८५** | **घघ** | **१००** |
| | **टोलको संख्या ५७** | | | | | | | | | | | |
| | | | पाईप धाराबाट पानी खाने ४७० | | | | | **८६.७२** | | **%** | | |
| | | | सुधारिएको कुवाबाट पानी खाने ० | | | | | **0.00** | | **%** | | |
| | | | नसुधारिएको कुवाबाट पानी खाने ६ | | | | | **१.११** | | **%** | | |
| | | | मूल पँधेरा बाट पानी खाने ० | | | | | **0.00** | | **%** | | |
| | | | खोला खोल्सी बाट पानी खाने १० | | | | | **१.८५** | | **%** | | |
| | | | वर्षातको पानी खाने ५६ | | | | | **१०.३३** | | **%** | | |

अनुसूची–४: **खानेपानीको सुविधास्तर निर्धारण**

| क्र. स. | टोलको नाम | पानी थाप्ने स्थान | जम्मा घर संख्या | हालको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | गुणस्तर | परिमाण | समय | विश्वसनियता | सुबिधास्तर |
| **वडा नं १** | | | | | | | | |
| १ | झांक्री स्थान | धारा | १० | २ | १ | १ | ३ | ३ |
| २ | दान्सिङ. | धारा | १७ | २ | १ | १ | १ | २ |
| ३ | जोजबासे | धारा | ५ | २ | १ | १ | १ | २ |
| ४ | कुइनेटा | धारा | ५ | २ | १ | १ | १ | २ |
| ५ | चौतारा | धारा | १७ | २ | १ | १ | १ | २ |
| ६ | घैयाखेत | धारा | ३ | २ | १ | १ | १ | २ |
| | **जम्मा** | | **५७** | | | | | |
| **वडा नं २** | | | | | | | | |
| १ | पुलचोक टोल | खोला | १० | ४ | १ | २ | १ | ४ |
| २ | तल्लो भेडाबारी | धारा | ३ | २ | १ | २ | १ | २ |
| ३ | उपल्लो भेडाबारी | धारा | ३ | २ | १ | २ | १ | २ |
| ४ | कुना | कुवा | ३ | २ | १ | २ | १ | २ |
| ५ | खर्क | धारा | २ | २ | १ | २ | १ | २ |
| ६ | डांडाबारी | धारा | ५ | २ | १ | २ | १ | २ |
| ७ | अमलारूख | धारा | २ | २ | १ | २ | १ | २ |
| ८ | वनपाखा | धारा | ६ | २ | १ | २ | १ | २ |
| ९ | नयर | धारा | ६ | २ | १ | २ | १ | २ |
| १० | जोजबासे | धारा | ११ | २ | १ | २ | १ | २ |
| ११ | बाटाघर | धारा | ६ | २ | १ | २ | १ | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | | **५७** | | | | | |
| **वडा नं ३** | | | | | | | | |
| १ | ढांड टोल | खोला | ९ | ३ | १ | १ | १ | ३ |
| २ | आरूपाटा टोल | धारा | ७ | ३ | १ | २ | १ | ३ |
| ३ | कुडार | धारा | ५ | ३ | १ | २ | १ | ३ |
| ४ | तलाघर | धारा | २ | ३ | १ | १ | १ | ३ |
| ५ | बराबुट | धारा | १६ | ३ | १ | २ | १ | ३ |
| ६ | चप्लेटी | धारा | १४ | ३ | १ | १ | १ | ३ |
| ७ | छबिसे | धारा | १ | ३ | १ | १ | १ | ३ |
| ८ | राजबगर | धारा | ७ | ३ | १ | १ | १ | ३ |
| ९ | झारमौरा | धारा | १० | ३ | १ | १ | १ | ३ |
| १० | गैरी टोल | धारा | २ | ३ | १ | १ | १ | ३ |
| | **जम्मा** | | **७३** | | | | | |
| **वडा नं ४** | | | | | | | | |
| १ | चौतारा | कुवा | १ | ३ | १ | १ | १ | ३ |
| २ | कुविन्हे | धारा,खोला | २ | ३ | १ | १ | १ | ३ |
| ३ | वनपाखा | धारा,खोला | ५ | ३ | १ | १ | १ | ३ |
| ४ | डाडाबारी | धारा,खोला | २ | ३ | १ | १ | १ | ३ |
| ५ | साहुटोल | धारा,खोला | २ | ३ | १ | १ | १ | ३ |
| ६ | कुडार | धारा,खोला | २ | ३ | १ | १ | १ | ३ |
| | **जम्मा** | | **१४** | | | | | |
| **वडा नं ५** | | | | | | | | |
| १ | देउखर्क | धारा | १७ | १ | २ | २ | १ | २ |
| २ | घोरखन्ने | धारा | १६ | १ | २ | २ | १ | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | चौबासे टोल | धारा,घैटा | १९ | १ | २ | ४ | १ | ४ |
| ४ | नेटा उच्का टोल | धारा,घैटा | १३ | १ | २ | ४ | १ | ४ |
| | **जम्मा** | | **६५** | | | | | |
| **वडा नं ६** | | | | | | | | |
| १ | नाईरल टोल | पाईप | १० | ३ | १ | १ | १ | ३ |
| २ | भिरबारी टोल | पाईप | १० | ३ | १ | १ | १ | ३ |
| ३ | माझखर्क | पाईप | २२ | ३ | १ | १ | १ | ३ |
| | **जम्मा** | | **४२** | | | | | |
| **वडा नं ७** | | | | | | | | |
| १ | आलुखाल्टा | धारा,घैटा | १४ | १ | २ | १ | १ | २ |
| २ | काफल ठूटा | धारा,घैटा | ८ | १ | २ | १ | १ | २ |
| ३ | लेखरी टोल | धारा,घैटा | १२ | १ | २ | १ | १ | २ |
| ४ | थालेपोखरा | धारा,घैटा | ७ | १ | २ | १ | १ | २ |
| ५ | सुरखारा टोल | धारा,घैटा | १० | १ | २ | १ | १ | २ |
| ६ | उचकानेटा | धारा,घैटा | ५ | १ | २ | ४ | १ | ४ |
| | **जम्मा** | | **५६** | | | | | |
| **वडा नं ८** | | | | | | | | |
| १ | डड्बिसे | धारा | ४ | १ | १ | १ | १ | १ |
| २ | विर्कोट | धारा | ३४ | १ | १ | १ | १ | १ |
| ३ | फूलबारी | धारा | २ | २ | ३ | ४ | १ | ४ |
| ४ | फूलबारी | धारा | १२ | २ | ३ | १ | १ | ३ |
| ५ | बतासे | धारा | १३ | १ | १ | १ | १ | १ |
| | **जम्मा** | | **६५** | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **वडा नं ९** | | | | | | | | |
| १ | काडेवास बजार | धारा | ४६ | २ | ३ | ३ | ४ | ४ |
| २ | पोखरी | धारा | १३ | १ | १ | १ | १ | १ |
| ३ | पिपलडाडा | धारा | १३ | १ | १ | २ | १ | २ |
| ४ | दर्जी टोल | धारा | ११ | १ | १ | १ | १ | १ |
| ५ | विसौना | धारा | २४ | १ | १ | १ | १ | १ |
| ६ | कडेल टोल | धारा | ६ | १ | १ | २ | १ | २ |
| | **जम्मा** | | **११३** | | | | | |
| | **कूल जम्मा** | | **५४२** | | | | | |
| | **प्रतिशत** | | वर्गिकरण १ | १८ (३१.५८ %) | ४४ (७७.१९ %) | ३४ (५९.६५ %) | ५५ (९६.५० %) | ६ (१०.५३ %) |
| | **टोलको संख्या ५७** | | वर्गिकरण २ | १९ (३३.३४ %) | १० (१७.५४ %) | १८ (३१.५८ %) | ० | २४(४२.१० %) |
| | | | वर्गिकरण ३ | १९ (३३.३३ %) | ३ (५.२७ %) | १ (१.७५ %) | १ (१.७५ %) | २१ (३६.८४ %) |
| | | | वर्गिकरण ४ | १ (१.७५ %) | ० | ४ (७.०२ %) | १ (१.७५ %) | ६ (१०.५३ %) |

## अनुसूची–५: आ.व. २०७०/०७१ सम्म सम्पन्न भएका १२ योजनाहरु र प्रयोगमा रहेका श्रोतहरु एवम् उक्त योजनाहरुको हालको अवस्था

| क्र.सं | योजनाको नाम | हाल प्रयोगमा रहेका श्रोतहरू | योजनाको प्रकार | वडा नं | जम्मा लाभान्वित घर धूरीहरू | योजनाबाट लाभान्वित टोलहरूको नाम | सेवा सन्चालन भएको वर्ष | योजनाको भौतिक अवस्था | सुधार गर्नु पर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मौरी भीर | मौरीभीर | ग्राभिटी | १ | ७० | झाक्रीस्थान, भानु प्रा.वि., चालिसे टोल | २०४० | संतोषजनक | WSPलागु गर्नु पर्ने,पानीको गुणस्तर,मात्रा सुधार,पाईपलाईन,अन्य संरचना मर्मत गर्नु पर्ने |
| २ | बतासे,लेवाड.,भुल के | भुल्के | ग्राभिटी | ३,४ | ७५ | कुविण्डे,वनपाखा,डाडाबारी,साहु कुडहर,आरूपाटा,तल्लार,छविसे, बरकाबुटा,चप्लेटी,गाविस कार्यालय, पशु सेवा कार्यालय, उपस्वास्थ्य चौकी, शिव उ.मा.वि, ढाण,गैरी,झारमौरा,राजबगर,जिमिरकोट ,बन्जाडे,टारी,जामुना रूख, शिवमन्दिर | २०५२ | नराम्रो | WSPलागु गर्नु पर्ने,पानीको गुणस्तर,मात्रा सुधार,पाईपलाईन,अन्य संरचना मर्मत गर्नु पर्ने |
| ३ | तुसारे | तुसारे | ग्राभिटी | ५ | ५३ | घोरखन्ने, देउखर्क | २०५१ | संतोषजनक | WSPलागु गर्नु पर्ने,पानीको गुणस्तर,मात्रा सुधार,पाईपलाईन,अन्य संरचना मर्मत गर्नु पर्ने |
| ४ | माझखर्क | माझखर्क | ग्राभिटी | ६ | १६ | माझखर्क,गौडा, देवकोटा नि.मा.वि | २०४९ | राम्रो | WSPलागु गर्नु पर्ने,पानीको गुणस्तर,मात्रा सुधार,पाईपलाईन,अन्य संरचना मर्मत गर्नु पर्ने |
| ५ | कमेरी मूल | कमेरी मूल | ग्राभिटी | ७ | ५१ | थालेपोखरा प्रा.वि, भालुखाल्टे,थालेपोखरा,काफल ठूटा,लेख्खारी र सुरखारा टोलहरू | २०६७ | संतोषजनक | ईण्टेक सुधार गर्नु पर्ने |
| ६ | बतासे,डडबिसे,विर्कोट | बतासे | ग्राभिटी | ८ | ३४ | बतासे,डडबिसे,विर्कोट | २०६८ | राम्रो | छैन |
| ७ | भुल्के | भुल्के | ग्राभिटी | ८,९ | ७२ | जनजागृति उ.मा.वि, दर्जिटोल, विसौना टोल,जामुनडाडा टोल | २०५२ | राम्रो | WSPलागु गर्नु पर्ने,पानीको गुणस्तर,मात्रा सुधार,पाईपलाईन,अन्य संरचना मर्मत गर्नु पर्ने |
| ८ | कांडेवास | भुल्के | ग्राभिटी | ९ | ४४ | कांडेवास बजार | २०६७ | नराम्रो | WSPलागु गर्नु पर्ने,पानीको गुणस्तर,मात्रा सुधार,पाईपलाईन,अन्य संरचना मर्मत गर्नु पर्ने |
| ९ | भालुकोरे | भालुकोरे | ग्राभिटी | २ | ५० | चालिसे टोल, बाल विकास प्रा. विबाटाघर, बुढाघर,नयाघर, डाडाबारी, अमला रूख, खर्क, वनपाखा,कुना | २०५२ | नराम्रो | WSPलागु गर्नु पर्ने,पानीको गुणस्तर,मात्रा सुधार,पाईपलाईन,अन्य संरचना मर्मत गर्नु पर्ने |
| १० | लेवाड. | लेवाड. | ग्राभिटी | ३ | १५ | झारमौरा, गैरी | २०५२ | संतोषजनक | WSPलागु गर्नु पर्ने,पानीको गुणस्तर,मात्रा सुधार,पाईपलाईन,अन्य संरचना मर्मत गर्नु पर्ने |
| ११ | राजबगर | भुल्के | ग्राभिटी | ३ | ४१ | राजबगर | २०६७ | संतोषजनक | WSPलागु गर्नु पर्ने,पानीको गुणस्तर,मात्रा सुधार,पाईपलाईन,अन्य संरचना मर्मत गर्नु पर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | थाप्ले | थाप्ले | ग्राभिटी | ८ | १४ | फूलबारी, फूलबारी प्रा.वि. | | नराम्रो | WSPलागु गर्नु पर्ने,पानीको गुणस्तर,मात्रा सुधार,पाईपलाईन,अन्य संरचना मर्मत गर्नु पर्ने |

अनुसूची-६: **निर्माणाधिन खानेपानी योजनाहरुको विवरण**

| क्र.सं | योजनाको नाम | हाल प्रयोगमा रहेका श्रोतहरू | योजनाको प्रकार | वडा नं | जम्मा लाभान्वित घर धूरीहरू | योजनाबाट लाभान्वित टोलहरूको नाम | शुरू भएको वर्ष | योजनाको लागत | लागत अनुसार संरचना विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चौवासे टोल | बर्षातको पानी | आर. डब्ल्यू.एच. | ५ | ४१ | चौवासे टोल | २०७०।१२।१६ | ३,५५९,१३१.५६ | |
| २ | थालेपोखरा | बर्षातको पानी | आर. डब्ल्यू.एच. | ७ | ४८ | थाले पोखरा | २०७१।१२।१६ | ४,१७०,०७८.१७ | |
| ३ | तुसारे खा.पा. | तुसारे मूल | ग्राभिटी | ५ | ४३ | घोर खन्ने, देउखर्क | २०७१।१०।१३ | १,३२२,१७४.०० | |

अनुसूची–७: **गाविसका टोलहरुमा घरेलु चर्पीको हालको अवस्था**

| क. स. | टोलको नाम | पक्की चर्पी भएका | कच्ची चर्पी भएका | चर्पी नभएका | जम्मा घर संख्या | चर्पी नभएका % वडाको घरधुरीको |
|---|---|---|---|---|---|---|
| **वडा नं १** | | | | | | |
| १ | भ्काक्रीस्थान | १० | | | १० | |
| २ | दान्सिड. | १७ | | | १७ | |
| ३ | जोजबासे | ३ | २ | | ५ | |
| ४ | कुइनेटा | ५ | | | ५ | |
| ५ | चौतारा | १६ | १ | | १७ | |
| ६ | घैयाखेत | ३ | | | ३ | |
| | **जम्मा** | **५४** | **३** | **०** | **५७** | **०.००** |
| **वडा नं २** | | | | | | |
| १ | पुलचोक टोल | १० | | | १० | |
| २ | तल्लो भेडाबारी | २ | १ | | ३ | |
| ३ | उपल्लो भेडाबारी | ३ | | | ३ | |
| ४ | कुना | ३ | | | ३ | |
| ५ | खर्क | २ | | | २ | |
| ६ | डांडाबारी | ५ | | | ५ | |
| ७ | अमलारूख | २ | | | २ | |
| ८ | वनपाखा | ३ | ३ | | ६ | |
| ९ | नयर | ५ | १ | | ६ | |
| १० | जोजबासे | ११ | | | ११ | |
| ११ | बाटाघर | ५ | १ | | ६ | |
| | **जम्मा** | **५१** | **६** | **०** | **५७** | **०.००** |
| **वडा नं ३** | | | | | | |
| १ | ढांड टोल | ८ | १ | | ९ | |
| २ | आरूपाटा टोल | ५ | | २ | ७ | |
| ३ | कुडार | ४ | १ | | ५ | |
| ४ | तलाघर | २ | | | २ | |
| ५ | बराबुट | १ | | | १ | |
| ६ | चप्लेटी | १६ | | | १६ | |
| ७ | छबिसे | १३ | १ | | १४ | |
| ८ | राजबगर | ७ | | | ७ | |
| ९ | भ्कारमौरा | ७ | ३ | | १० | |
| १० | गैरी टोल | २ | | | २ | |
| | **जम्मा** | **६५** | **६** | **२** | **७३** | **२.७४** |
| **वडा नं ४** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | चौतारा | १ | | | १ | |
| २ | कुविन्हे | २ | | | २ | |
| ३ | वनपाखा | ३ | | २ | ५ | |
| ४ | डाडाबारी | २ | | | २ | |
| ५ | साहुटोल | २ | | | २ | |
| ६ | कुडार | २ | | | २ | |
| | **जम्मा** | **१२** | **०** | **२** | १४ | **१४.२९** |
| **वडा नं ५** | | | | | | |
| १ | देउखर्क | १६ | | १ | १७ | |
| २ | घोरखन्ने | १३ | ३ | | १६ | |
| ३ | चौबासे टोल | १६ | | ३ | १९ | |
| ४ | नेटा उचका टोल | ९ | ४ | | १३ | |
| | **जम्मा** | **५४** | **७** | **४** | **६५** | **६.१५** |
| **वडा नं ६** | | | | | | |
| १ | नाईरल टोल | १० | | | १० | |
| २ | भिरबारी टोल | १० | | | १० | |
| ३ | माझखर्क | २१ | १ | | २२ | |
| | **जम्मा** | **४१** | **१** | **०** | ४२ | **०.००** |
| **वडा नं ७** | | | | | | |
| १ | आलुखाल्टा | १३ | १ | | १४ | |
| २ | काफलठूटा | ८ | | | ८ | |
| ३ | लेखरी टोल | ११ | १ | | १२ | |
| ४ | थालेपोखरा | ७ | | | ७ | |
| ५ | सुरखारा टोल | ९ | १ | | १० | |
| ६ | उचकानेटा | ५ | | | ५ | |
| | **जम्मा** | **५३** | **३** | **०** | **५६** | **०.००** |
| **वडा नं ८** | | | | | | |
| १ | डड्बिसे | २ | २ | | ४ | |
| २ | विर्कोट | २८ | ६ | | ३४ | |
| ३ | फूलबारी | | | २ | २ | |
| ४ | फूलबारी | १० | | २ | १२ | |
| ५ | बतासे | ७ | ३ | ३ | १३ | |
| | **जम्मा** | **४७** | **११** | **७** | **६५** | **१०.७७** |
| **वडा नं ९** | | | | | | |
| १ | काडेवास बजार | ४४ | २ | | ४६ | |
| २ | पोखरी | १३ | | | १३ | |
| ३ | पिपलडांडा | १३ | | | १३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | दर्जी टोल | ११ | | | ११ | |
| ५ | विसौना | १९ | | ५ | २४ | |
| ६ | कडेल टोल | ६ | | | ६ | |
| | **जम्मा** | **१०६** | **२** | **५** | **११३** | **४.४२** |
| | **कूल जम्मा** | **४८३** | **३९** | **२०** | **५४२** | |
| | **प्रतिशत** | **८९.११** | **७.२०** | **३.६९** | **१००.००** | |

## अनुसूची–८: **विद्यालय तथा संस्थागत शौचालयको वर्तमान अवस्था**

| क्र.सं | विद्यालय वा संस्थाकोनाम | शौचालय भएको/नभएको | प्रयोगमा रहेको/नरहेको | पानीको सुबिधा भएको | लैंगिक मैत्री भएको |
|---|---|---|---|---|---|
| १ | बाल विकास प्रा.वि. वडा नं २ | भएको | रहेको | भएको | ० |
| २ | भानु प्रा.वि.वडा नं १ | भएको | रहेको | भएको | ० |
| ३ | थाले पोखरा प्रा.वि वडा नं ७ | भएको | रहेको | भएको | ० |
| ४ | फूलबारी प्रा. वि वडा नं ८ | भएको | रहेको | भएको | भएको |
| ५ | नव विहानी प्रा.वि. वडा नं ७ | भएको | रहेको | भएको | ० |
| ६ | शिव उ.मा.वि. काडेवास वडा नं ३ | भएको | रहेको | ० | भएको |
| ७ | जनजागृति उ.मा.वि.वडा नं ९ | भएको | रहेको | भएको | भएको |
| ८ | देवकोटा नि.मा.वि.वडा नं ६ | भएको | रहेको | भएको | भएको |
| ९ | अतिरिक्त हुलाक सेवा कार्यालय | ० | ० | ० | ० |
| १० | सृजना बाल विकास विर्कोट | भएको | रहेको | भएको | ० |
| ११ | नागरिक सचेतना केन्द्र फूलबारी | ० | ० | ० | ० |
| १२ | गोकर्णेश्वर महादेव मन्दिर वडा नं ३ | भएको | रहेको | भएको | ० |
| १३ | कांडेवास गाविस | भएको | रहेको | भएको | ० |
| १४ | उप स्वास्थ्य चौकी | भएको | रहेको | भएको | ० |
| १५ | पशु सेवा केन्द्र | भएको | रहेको | भएको | ० |
| १६ | ग्रामिण महिला आत्मनिर्भर संस्था | भएको | रहेको | भएको | ० |
| १७ | गाउँ अपाङ्ग सञ्जाल | भएको | रहेको | भएको | ० |
| १८ | समाजसेवी आमा समूह भवन | ० | ० | ० | ० |
| १९ | नव विहानी बाल विकास केन्द्र | भएको | रहेको | भएको | ० |
| २० | बाल मनोविज्ञान बाल विकास केन्द्र | भएको | रहेको | भएको | ० |
| २१ | जनहित बाल विकास केन्द्र | भएको | रहेको | भएको | ० |
| २२ | सिस्नेरी बाल विकास केन्द्र | भएको | रहेको | ० | ० |
| २३ | पचुवा बाल विकास केन्द्र | भएको | रहेको | भएको | ० |
| २४ | शिवशक्ति पशुपालन तथा कृषि समूह | भएको | रहेको | भएको | ० |
| | **भएको** | **२१** | **२१** | **१९** | **४** |

अनुसूची–९: **पूर्ण सरसफाइका सूचकहरुको अवस्था**

| क स. | टोलको नाम | सबै घरपरिबारले चर्पीको नियमित प्रयोग गर्ने | महत्वपूर्ण अवस्थामा साबुन पानीले हात धुने | घरायसी तहमा पिउनेपानी शुद्धिकरण गरी पिउने | ब्यक्तिगत सरसफाइ कायम गर्ने | घर भित्र बाहिरका ठोस फोहोर मैला खाडलमा फाल्ने | खेर गएको पानीको उचित ब्यवस्थापन गर्ने | भाँडा सुकाउने चाँग भएको | धुंवा रहित चुल्हो भएको (गोबर ग्यास, अन्य) |
|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं १** | | | | | | | | | |
| १ | झाँक्री थान | १० | १० | १० | १० | ० | ० | १ | १० |
| २ | दानसिङ्ग | १७ | १७ | १७ | १७ | ० | ० | ० | १७ |
| ३ | जोजबासे | ३ | ३ | ३ | ३ | ० | ० | ० | २ |
| ४ | कुइनेटा | ५ | ५ | ५ | ५ | ० | ० | ० | ४ |
| ५ | चौतारा | १७ | १७ | १७ | १७ | ० | ० | ० | १३ |
| ६ | घैयाखेत | ३ | ३ | ३ | ३ | ० | ० | ० | २ |
| | **जम्मा** | **५५** | **५५** | **५५** | **५५** | **०** | **०** | **१** | **४८** |
| **वडा नं २** | | | | | | | | | |
| १ | पुलचोक टोल | १० | १० | १० | १० | १ | १ | ० | ७ |
| २ | तल्लो भेडाबारी | ३ | ३ | ३ | ३ | १ | १ | ० | २ |
| ३ | उपल्लो भेडाबारी | ३ | ३ | ३ | ३ | ० | ० | ० | ३ |
| ४ | कुना | ३ | ३ | ३ | ३ | ० | ० | ० | ३ |
| ५ | खर्क | २ | २ | २ | २ | १ | १ | ० | १ |
| ६ | डाँडाबारी | ५ | ५ | ५ | ५ | ० | ० | ० | ४ |
| ७ | अमलारूख | २ | २ | २ | २ | ० | ० | ० | २ |
| ८ | वनपाखा | ६ | ६ | ६ | ६ | ० | ० | ० | ३ |
| ९ | नयर | ६ | ६ | ६ | ६ | ० | ० | ० | ५ |
| १० | जोजबासे | ११ | ११ | ११ | ११ | ० | ० | ० | ११ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बाटाघर | ६ | ६ | ६ | ६ | ० | ० | ० | ६ |
| | **जम्मा** | **५७** | **५७** | **५७** | **५७** | **३** | **३** | **०** | **४७** |
| **वडा नं ३** | | | | | | | | | |
| १ | ढांड टोल | ९ | ९ | ० | ९ | ० | ० | ० | ९ |
| २ | आरूपाटा टोल | ५ | ५ | ० | ७ | ० | ० | ० | ३ |
| ३ | कुडार | ५ | ५ | ० | ५ | ० | ० | ० | २ |
| ४ | तलाघर | २ | २ | ० | २ | ० | ० | ० | २ |
| ५ | बराबुट | १६ | १६ | ० | १६ | ० | ० | ० | १६ |
| ६ | चप्लेटी | १४ | १४ | ० | १४ | ० | ० | ० | १४ |
| ७ | छबिसे | १ | १ | ० | १ | ० | ० | ० | १ |
| ८ | राजबगर | ७ | ७ | ० | ७ | ० | ० | ० | ६ |
| ९ | झरमौरा | १० | १० | ० | १० | ० | ० | ० | ७ |
| १० | गैरी टोल | २ | २ | ० | २ | ० | ० | ० | १ |
| | **जम्मा** | **७१** | **७१** | **०** | **७३** | **०** | **०** | **०** | **६१** |
| **वडा नं ४** | | | | | | | | | |
| १ | चौतारा | १ | १ | ० | १ | ० | ० | ० | १ |
| २ | कुविन्हे | २ | २ | ० | २ | ० | ० | ० | २ |
| ३ | वनपाखा | ३ | ३ | ० | ३ | ० | ० | ० | २ |
| ४ | डाँडाबारी | २ | २ | ० | २ | ० | ० | ० | २ |
| ५ | साहुटोल | २ | २ | ० | २ | ० | ० | ० | २ |
| ६ | कुडार | २ | २ | ० | २ | ० | ० | ० | २ |
| | **जम्मा** | **१२** | **१२** | ० | **१२** | **०** | **०** | **०** | **११** |
| **वडा नं ५** | | | | | | | | | |
| १ | देउखर्क | १७ | १७ | १७ | १७ | ० | ० | ० | १४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | घोरखन्ने | १६ | १६ | १६ | १६ | ० | ० | ० | १५ |
| ३ | चौबासे टोल | १५ | १५ | १९ | १९ | ० | ० | ० | ४ |
| ४ | नेटा उच्का टोल | १३ | १३ | १३ | १३ | ० | ० | ६ | ६ |
| | **जम्मा** | **६१** | **६१** | **६५** | **६५** | **०** | **०** | **६** | **३९** |
| **वडा नं ६** | | | | | | | | | |
| १ | नाईरल टोल | १० | १० | १० | १० | ० | ० | ० | १० |
| २ | भिखारी टोल | १० | १० | १० | १० | ० | ० | ० | ९ |
| ३ | माझखर्क | २२ | २२ | २२ | २२ | ० | ० | ४ | १८ |
| | **जम्मा** | **४२** | **४२** | **४२** | **४२** | **०** | **०** | **४** | **३७** |
| **वडा नं ७** | | | | | | | | | |
| १ | आलुखाल्टा | १४ | १४ | १४ | १४ | ० | ० | १ | ५ |
| २ | काफल ठूटा | ८ | ८ | ८ | ८ | ० | ० | २ | ४ |
| ३ | लेखरी टोल | १२ | १२ | १२ | १२ | ० | ० | २ | ५ |
| ४ | थाले पोखरा | ७ | ७ | ७ | ७ | ० | ० | १ | १ |
| ५ | सुरखरा टोल | १० | १० | १० | १० | ० | ० | १ | ३ |
| ६ | उचकानेटा | ५ | ५ | ५ | ५ | ० | ० | २ | १ |
| | **जम्मा** | **५६** | **५६** | **५६** | **५६** | **०** | **०** | **९** | **१९** |
| **वडा नं ८** | | | | | | | | | |
| १ | डड्बिसे | ४ | ४ | ४ | ४ | ० | ० | ० | १ |
| २ | विर्कोट | ३४ | ३४ | ३४ | ३४ | ० | ० | ० | २० |
| ३ | फूलबारी | ० | ० | २ | २ | ० | ० | ० | ० |
| ४ | फूलबारी | १० | १० | १२ | १२ | ० | ० | २ | ७ |
| ५ | बतासे | १० | १० | १३ | १३ | ० | ० | ३ | ९ |
| | **जम्मा** | **५८** | **५८** | **६५** | **६५** | **०** | **०** | **५** | **३७** |

| **वडा नं ९** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | काँडेवास बजार | ४६ | ४६ | ४६ | ४६ | ० | ० | १४ | १२ |
| २ | पोखरी | १३ | १३ | १३ | १३ | १३ | ० | ३ | ११ |
| ३ | पिपलडाँडा | १३ | १३ | १३ | १३ | १ | ० | २ | ७ |
| ४ | दर्जी टोल | ११ | ११ | ११ | ११ | ० | ० | ० | ० |
| ५ | विसौना | १९ | १९ | २४ | २४ | ० | ० | ४ | ६ |
| ६ | कँडेल टोल | ६ | ६ | ६ | ६ | ० | ० | ० | ६ |
| | **जम्मा** | **१०८** | **१०८** | **११३** | **११३** | **१४** | **०** | **२३** | **४२** |
| | **कूल जम्मा** | **५२०** | **५२०** | **४५३** | **५३८** | **१७** | **३** | **४८** | **३४१** |
| | **प्रतिशत** | **९५.९४** | **९५.९४** | **८३.५८** | **९९.२६** | **३.१४** | **०.५५** | **८.८६** | **६२.९२** |

अनुसूची-१०: **गाविस स्तरिय तर्जुमा गरिएका खानेपानी योजनाहरुको विवरण र लागत**

| क्र.सं. | योजनाको नाम प्राथमिकताको आधारमा | योजनाको प्रकार | नयाँ/मर्मत/पुन निर्माण | वडा नं | टोलको नाम/घरधुरी | घरधुरी | जनसंख्या | लागत ने रू हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| १ | भालुकोरे खा.पा.यो | ग्राभिटि | नयां | २ | पुलचोक, चालिसेटोल | ५४ | **३६३** | **३,४३४** |
| २ | मौरीभीर | ग्राभिटि | नयां | १ | चालिसे टोला | ६० | **४०४** | **३,८१६** |
| ३ | लसुने,ल्याड | ग्राभिटि | नयां | ३,४ | ३,४ पुरै राजवडार बाहेक | ७४ | **४९८** | **४,७०६** |
| ४ | भांक्रीको थान पल्लो पहिरो | ग्राभिटि | नयां | ६ | माझखर्क | २२ | **१४८** | **१,३९९** |
| ५ | भुल्के मुहान | ग्राभिटि | नयां | ८,९ | विसौना, विर्कोट,दर्जी टोल,बतासे | ९९ | **६६६** | **६,२९६** |
| ६ | थाप्ले मुहान | ग्राभिटि | नयां | ८ | फूलबारी | १३ | **८७** | **८२७** |
| ७ | कांडेबास | ग्राभिटि | मर्मत | ९ | कांडेबास बजार | ४६ | **३१०** | **२,९२६** |
| ८ | करासे मूल | ग्राभिटि | मर्मत | ७ | उचका टोल | ५१ | **३४३** | **३,२४४** |
| ९ | राजबगर | ग्राभिठि | मर्मत | ३ | राजबगर | ४१ | **२७६** | **२,६०८** |
| | | | | | **जम्मा** | **४६०** | **३,०९६** | **२९,२५५** |

**प्रति परिबार औसत जनसंख्या ६.७३, प्रति ब्यक्ति ग्राभिटी स्कीमको लागत रू ९,४५०, प्रति ब्यक्ति सोलार पम्पिड. स्कीमको लागत रू १७,८५० र प्रतिब्यक्ति श्रोत संरक्षण को रू १,२६० को हिसाबले लागत अनुमान तयार गरिएको छ।**

**अनुसूची-११ः गाविस स्तरीय पूर्ण सरसफाइ रणनैतिक योजना**

पूर्ण सरसफाइको लागि गाविस तहको आगामी कार्ययोजना

| क्र. सं. | कार्य विवरण | कहिले सम्म | के गर्ने | जिम्मेबारी | कहां गर्ने |
|---|---|---|---|---|---|
| १ | वडालाई पूर्ण सरसफाइ युक्त घोषणा | २०७१ फागुन मसान्त | TS | VWASH-CC | गाविस |
| २ | विद्यालयमा नमूना टेबुल प्रदर्शन | २०७२वैशाख दोश्रो हप्ता | प्रदर्शनी | Staff | २ वटा विद्यालयमा |
| ३ | भित्ते लेखन | २०७२ वैशाख दोश्रो हप्ता | अनुगमन | VWASH-CC | कांडेवास गाविसको विभिन्न ठाउंमा |
| ४ | चाड., खाडल निर्माण | २०७२ वैशाख तेश्रो हप्ता | चाड., खाडल निर्माण अनुगमन | VWASH-CC, सबै | गाविसको पायक पर्ने ठाउंमा |
| ५ | महिनावारी सरसफाइ अभिमुखिकरण | २०७२वैशाख चौथो हप्ता | तालिम | FC/HP | गाविस भवनमा |
| ६ | महिला स्वयंसेविका र आमा समूहलाई अभिमुखिकरण | २०७२जेष्ठ पहिलो हप्ता | तालिम | FC/HP | गाविस भवनमा |
| ७ | सरसफाइ सप्ताह मनाउने | २०७२ जेठ चौथो हप्ता | | VWASH-CC + Staff | गाविस |
| ८ | गाविसलाई पूर्ण सरसफाइ युक्त घोषणा | २०७२ जेष्ठ मसान्त | TS | VWASH-CC | गाविस |